# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० अंक ६९ काठमाडौं शनिबार, १६ असार २०८० Prabhab National Daily Saturday, July 01, 2023 www.prabhabonline.com पृष्ठ ४ मूल्य रू. ५।-


# सत्ताविहीन एमाले

## कोशीका मुख्यमन्त्री कार्कीले पाएनन् विश्वासको मत



हिक्मतबहादुर कार्की
निवर्तमान मुख्यमन्त्री, कोशी प्रदेश



तस्बिर: रासस

मुख्यमन्त्री हिक्मतबहादुर कार्कीद्वारा विश्वासको मतका लागि प्रस्तुत प्रस्तावमाथि शुक्रबार भएको मतदानमा सहभागी कोशी प्रदेशसभाका सांसदहरू ।

- कोशी सरकार ढलेसँगै एमाले संघ र प्रदेशमा सत्ताविहीन बन्यो एमाले
- अघिल्लो संसद्को अन्त्यतिर पनि एमाले सत्ताविहीन थियो
- कांग्रेस, माओवादी, नेकपा एस र जसपाले सरकार बनाउने, सांसद संख्या- सभामुखसहित ४७ जना, एमाले-राप्रपाको ४६ जना
- संविधानको धारा १६८ को (२) अनुसार बहुमत जुटाउन सकस
- चार दलको सरकार गठन नभए एमालेकै सरकार

■ जेबी योञ्जन

**काठमाडौं–** देशकै ठूलो कम्युनिस्ट पार्टी नेकपा एमाले नेतृत्वको एकमात्र कोशी प्रदेश सरकार पनि शुक्रबार ढलेको छ। यससँगै एमाले संघ र सबै प्रदेशमा सत्ताबाट च्युत भएको छ । कोशीका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले बिहीबार प्रस्तुत गरेको विश्वासको मतसम्बन्धी प्रस्तावमा शुक्रबार मत विभाजन हुँदा उनको पक्षमा ४६ मत पऱ्यो । सरकार जोगाउन एक मत पुगेन ।

यससँगै २४ पुसमा बनेको कार्की नेतृत्वको सरकार ढलेको हो । ९३ सदस्यीय प्रदेश संसद्मा उनको दल एमालेका ४० जना र सत्ता साझेदार अर्को दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का छ जना सांसद छन् । दुई दलको गरी ४६ जना सांसद रहेको र उनीहरूको मत मात्रै मुख्यमन्त्री कार्कीले पाए ।

संसद्मा विपक्षी दलहरू नेपाली कांग्रेसका २९ जना, नेकपा माओवादी केन्द्रका १३ जना र नेकपा एकीकृत समाजवादीका चार जना गरी ४५ जना नै सांसद छन् । अर्को दल जनता समाजवादी (जसपा) की एक जना निर्मला तावा लिम्बू संसद् बैठकमै उपस्थित भइनन् ।

विश्वासको मत नपाएसँगै मुख्यमन्त्री कार्की स्वतः पदमुक्त भएका छन् । कार्कीले संसद् बैठकमा सर्वपक्षीय सरकार बनाउन र आलोपालो मुख्यमन्त्रीको प्रस्ताव राखेका थिए । तर, उनको प्रस्ताव विपक्षी दलहरूले स्वीकारेनन् । जसले गर्दा कार्की संसद्को विश्वास गुमाउन पुगेका हुन् ।

त्यहाँ अब प्रदेश संसद्मा प्रतिनिधित्व गर्ने दलहरू नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टीले सरकार गठन गर्न लागेका छन् ।

> अब केन्द्रीय नेताहरु कोशी सरकारको नेतृत्व सम्बन्धमा बैठक बस्नुहुन्छ होला । बैठकले केही निर्णय गर्नुहोला । हामी यहाँ त्यही निर्णयको पर्खाइमा छौं ।
>
> ■ **उद्धव थापा**
> **नेता, कांग्रेस संसदीय दल**

> हामीले आफ्नै नेतृत्वमा सरकार गठन गर्ने दलको बैठकबाट निर्णय गरेका छौं । यसले गर्दा हाम्रै नेतृत्वमा सरकार बनाउन हाम्रो पहल हुन्छ ।
>
> ■ **इन्द्रबहादुर आङ्बो**
> **नेता, माओवादी संसदीय दल**

प्रदेश प्रमुख परशुराम खापुङले भने सरकार गठनका लागि समाचार तयार पार्दासम्म आह्वान गरेका छैनन् । तर, आह्वान गरेलगत्तै बहुमत रहेको दाबी पेस गरेर सरकार गठनमा अघि बढ्ने तयारी चार दलको छ ।

प्रदेशमा मुख्यमन्त्रीको दाबी गर्ने दल कांग्रेस र माओवादी छन् । कांग्रेस संसदीय दलका नेता उद्धव थापाले गठबन्धन दलहरूका केन्द्रीय नेताहरूको प्रदेश सरकारको नेतृत्वबारे निर्णय पर्खिरहेको बताए ।

'अब केन्द्रीय नेताहरू कोशी सरकारको नेतृत्व सम्बन्धमा बैठक बस्नुहुन्छ होला । बैठकले केही निर्णय गर्नुहोला,' उनले प्रभावसँग भने, 'हामी यहाँ त्यही निर्णयको पर्खाइमा छौं । निर्णयलाई कार्यान्वयन गर्नेछौं ।'

थापा मुख्यमन्त्रीमा 'लबिइङ' गर्न यसअघि काठमाडौंमा आएका थिए । उनले नेताहरूसँग भेटघाट गरेका थिए । उनी पहिलोपटक संसद्मा आएका हुन् । पहिलोपटकमै मुख्यमन्त्री हुने (बाँकी पृष्ठ २ मा)

## मुख्यमन्त्रीहरूलाई प्रधानमन्त्री दाहालको आग्रह

# 'संघीयता कार्यान्वयनको कामलाई व्यवस्थित गरौं'




■ प्रभाव संवाददाता

**गण्डकी–** प्रधानमन्त्री पुष्पकमल दाहालले संघीयता कार्यान्वयनको जिम्मेवारीलाई तीव्रता र व्यवस्थितरूपमा अगाडि बढाउन सातै प्रदेशका मुख्यमन्त्रीलाई आग्रह गरेका छन् । शुक्रबारदेखि कास्कीको पोखरामा सुरु भएको अन्तरप्रदेश मुख्यमन्त्री बैठकको उद्घाटन समारोहमा प्रधानमन्त्रीले संघीयता कार्यान्वयनमा प्रभावकारी तवरले लाग्न आग्रह गरेका हुन् ।

'सर्वप्रथम यस सुन्दर नगरी पोखरामा अन्तरप्रदेश मुख्यमन्त्री बैठक आयोजना गर्नुभएकोमा म गण्डकी प्रदेशका मुख्यमन्त्री तथा गण्डकी प्रदेश मन्त्रिपरिषद्लाई हार्दिक धन्यवाद दिँदै बैठकको पूर्ण सफलताको कामना गर्दछु,' प्रधानमन्त्री दाहालले भने, 'नेपालको संविधान जारी भएपछि दोस्रोपटक आयोजना भएको यो बैठकले देशमा संघीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ गर्न र प्रदेश प्रदेशबीचको सम्बन्धलाई सबल बनाउन महत्त्वपूर्ण भूमिका खेल्नसक्ने मेरो विश्वास छ ।'

> साढे २०० वर्ष लामो एकात्मक राज्य प्रणालीमा अभ्यस्त हाम्रा लागि संघीय शासन प्रणाली नितान्त नौलो अभ्यास भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले संविधानले व्यवस्था गरेअनुरूप सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित संघीय शासन प्रणालीको सुसञ्चालन चुनौतीपूर्ण रहेको बताए ।

साढे २०० वर्ष लामो एकात्मक राज्य प्रणालीमा अभ्यस्त हाम्रा लागि संघीय शासन प्रणाली नितान्त नौलो अभ्यास भएको उल्लेख गर्दै उनले संविधानले व्यवस्था गरेअनुरूप सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित संघीय शासन प्रणालीको सुसञ्चालन चुनौतीपूर्ण रहेको बताए ।

उनले तीनवटै तहमा चुनिएर आएका जनप्रतिनिधि सीमित स्रोतसाधनको सुझबुझपूर्ण ढंगले परिचालन गर्दै विकास निर्माणलाई अघि बढाउँदै जनताका आकांक्षा पूरा गर्न क्रियाशील रहेकाले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था संस्थागत हुँदै गएको स्पष्ट पारे । प्रधानमन्त्री दाहालले प्रदेश सरकारको नेतृत्व सम्हाल्ने मुख्यमन्त्रीहरूले खेलेको महत्त्वपूर्ण भूमिकाको प्रशंसासमेत गरे । (बाँकी पृष्ठ २ मा)

### 'अन्तरसम्बन्धले अपेक्षित लक्ष्य हासिल गर्न सकिन्छ'

**पोखरा (प्रस)–** गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले तीनवटै तहका सरकारको अन्तरसम्बन्धले मात्र अपेक्षित लक्ष्य हासिल गर्न सकिने बताएका छन् ।

गण्डकी प्रदेश सरकारको आयोजनामा पोखरामा आयोजित अन्तरप्रदेश मुख्यमन्त्री बैठकका सहभागीलाई स्वागत गर्दै उनले अन्तरसम्बन्धले सुशासन, विकास र समृद्धि प्राप्तीका लागि तीनवटै तहका सरकारको साझा प्रयास परिचालनको माग गर्ने बताए ।

पछिल्लो समयमा संघीयताविरुद्ध जनमत निर्माण गर्ने जोडतोडका साथ प्रयास भइरहेको बताउँदै उनले संविधानसभाबाट निर्मित संविधानबाट प्राप्त उपलब्धि संघीयता, गणतन्त्र, समावेशितालाई आत्मसात् गर्न नसकेका शक्तिको प्रहारको निशानामा प्रदेश तह रहेको आभाष भएको बताए ।

अन्तरप्रदेश मुख्यमन्त्री बैठक सातै प्रदेशबीच अनुभव आदानप्रदान गर्ने, सबल पक्षलाई थप मजबुत बनाउँदै संस्थागत गर्ने र दुर्बल पक्षलाई न्यूनीकरण गर्दै प्रदेशलाई थप प्रभावकारी बनाउने उद्देश्य राखिएको उनले बताए । प्रदेश सरकार स्थापनाको छैटौं वर्ष एवं दोस्रो कार्यकालसम्म आइपुग्दा प्रदेशको नामकरण/राजधानी तोकिनुका साथै प्रदेश सञ्चालनका लागि कानुन निर्माण भएको उनले बताए ।

भौतिक पूर्वाधार निर्माण तथा मर्मतसम्भारका कार्य भएको र प्रदेशलाई आवश्यक निकाय/संघ संस्था निर्माण गरी काम हुँदै आएको उनले बताए । (बाँकी पृष्ठ २ मा)


## प्रतिबद्धता

नेपाल वायुसेवा निगमले अनवरत सेवाको ६५ वर्ष पूरा गरी ६६ औं वर्ष प्रवेशको उपलक्ष्यमा निगम परिवार गौरवको अनुभूति गर्दछ र सम्बन्धित सबैबाट विगतमाझैं स्नेह, सहयोग र सद्भावनाको अपेक्षा गर्दछ । आम जनतासँग प्रत्यक्ष सरोकार राख्ने संस्था भएकोले सेवा प्रवाहको क्रममा आलोचना, प्रशंसा र मार्गीनर्देशन प्राप्त भइरहेका छन्, जसलाई हामी सकारात्मक र आत्मीयतापूर्ण चासो ठान्दछौं । निगमका सामु कैयौं चुनौती छन् भने अवसरको सम्भावना पनि त्यसरी नै देखा पर्दछन् । छ दशकभन्दा लामो अनुभव र इतिहास बोकेको निगमसँग अझै पनि असीम सम्भावना छन् भने वर्तमान चुनौतीहरूको सक्रियता एवं सफलतापूर्वक सामना गरी उज्वल भविष्यको मार्गमा बढ्न निगम र यसमा कार्यरत कर्मचारीहरू तन, वचन र कर्मले निःस्वार्थ रुपमा योगदान गर्न प्रतिबद्ध छन् । परिणामस्वरुप विगतका केही समययता सकारात्मक उपलब्धिहरू पनि हासिल भएका छन् ।

निगमले अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिफल दिने गन्तव्यहरू पहिचान गरी उडान क्षेत्र बढाउँदै गएको छ भने अन्य गन्तव्यको सम्भावना अध्ययन गरिँदैछ । आन्तरिक उडानलाई थप क्षेत्रमा पुऱ्याउँदै सेवा विस्तार गरी राष्ट्रिय दायित्व निर्वाह गर्न विमान खरिद प्रक्रिया अगाडि बढाइएको छ । वृत्ति विकासका साथै जनशक्ति व्यवस्थापनलाई उपलब्धिपूर्ण मार्गमा लैजान निगम सक्रिय रहेको छ । विगतमा अन्तर्राष्ट्रिय उडानका लागि आवश्यक विमान खरिद गर्न लिएको कर्जा भुक्तानीको क्रमलाई निरन्तरता दिइएको छ । निगमले विगतका कमी कमजोरीहरूबाट पाठ सिक्दै, अन्तर्राष्ट्रिय अभ्यास र मापदण्डहरुको पालना गर्दै आर्थिक अनुशासन सुदृढ बनाई ऐतिहासिक सामर्थ्य र प्रतिष्ठा पुनर्जीवित गराउनेमा सक्रिय छ । त्यसका लागि सुरक्षित उडान, नियमितता र विश्वसनीयताको प्रत्याभूति गरेको छ ।

देशमा कतिपय अवस्थामा सामना गर्नुपरेका प्राकृतिक एवम् असहज अवस्थामा पनि आफ्नो दायित्व पूरा गर्नमा निगमले खेलेको भूमिका अविस्मरणीय रहेको छ र आम जनतामा यसले सकारात्मक छाप छोड्न सफलता पाएको छ । निगम हवाई सेवा प्रदान गर्ने कम्पनीका साथै नेपाल सरकारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा राष्ट्रिय ध्वजावाहकको रुपमा प्रतिनिधित्व जनाउने र राज्यका लागि अत्यावश्यक सेवा पुऱ्याउने भरपर्दो माध्यम भएकोले निगमको विकास र प्रगतिमा सबैको संवेदनशीलता र सहयोग आवश्यक ठानेका छौं । निगमको भविष्य उज्यालो छ भन्ने आशावादी अवधारणासहित आफ्नो दायित्व निर्वाहमा निरन्तरता कायम राख्न निगमले खेलेको भूमिकामा नेपाल सरकार, माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यू, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरणबाट जुन प्रोत्साहन प्राप्त भएको छ, त्यसका लागि हार्दिक आभारसहित कृतज्ञता ज्ञापन गर्दछु ।

राष्ट्रिय स्वाधीनता र स्वाभिमानको प्रतीक राष्ट्रिय झण्डा बोकेर हाल आठवटा देशका दश विभिन्न शहरहरूमा उडिरहेको नेपाल वायुसेवा निगमले विश्वसामु नेपालको पहिचानलाई नेपालीपन मन र स्वाभिमानको आत्मीय परिचय पनि जीवन्त राखेको छ । नेपालको पर्यटन प्रवर्द्धनको लागि क्रियाशील नेपाल एसोसिएसन अफ टूर एण्ड ट्राभल एजेन्ट्स, पाटा नेपाल, ट्रेकिङ एजेन्सिज एसोसिएसन नेपाल, होटल एसोसिएसन नेपाल र हिमालयन उद्धार संघ लगायतका संस्थाहरूसँग हातेमालो गरेर अघि बढ्न हामी सधैं उत्साहित छौं ।

पर्यटन व्यवसायी र यात्रुहरूबाट विगतमा प्राप्त सहयोग भविष्यमा पनि निरन्तर पाइरहने विश्वास राख्दै सबैमा आभार व्यक्त गर्दछु र निगमका समस्त कुशल एवम् कर्तव्यपरायण कर्मचारीहरुप्रति एवम् क्रियाशील कर्मचारी ट्रेड युनियनहरूलाई धन्यवाद ज्ञापन गर्दै आफ्नो सेवालाई स्तरीय बनाउँदै यस क्षेत्रको विकासमा राम्रो प्रतिफल पाउने गरी सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्दछु ।

**युवराज अधिकारी**
कार्यकारी अध्यक्ष

Nepal Airlines
**नेपाल वायुसेवा निगम**
पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोनः ०१-४२२०७५७

## संघीयता कार्यान्वयनको...

पृष्ठ १ बाट जारी

उनले भने, 'संविधान जारी भएको झण्डै सात वर्षमा हामीले उत्साहजनक उपलब्धि हासिल गरेका छौं । तीनै तहको दोस्रो कार्यकालको निर्वाचन सम्पन्न भएको छ । सातै प्रदेशको प्रादेशिक राजधानी र नामकरण भएको छ ।'

उनले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण व्यवस्थित हुँदै गएको छ तथा कर्मचारी समायोजनको काम सम्पन्न भएको छ स्पष्ट पारे । संघीयता कार्यान्वयनसम्बन्धी ८० वटा ऐन निर्माण तथा १६५ वटा कानुन संशोधन भएको तथा केही महत्त्वपूर्ण ऐनहरू तर्जुमाका चरणको रहेको प्रधानमन्त्रीको भनाइ छ ।

तीन तहका सरकारबीच कार्यात्मक समन्वयका लागि संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ कार्यान्वयनमा रहेको तथा सोही ऐनबमोजिम समन्वयका संरचना क्रियाशील भएको बताए । प्रधानमन्त्रीले सोही ऐनमा व्यवस्था भएको राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठक शनिबार गण्डकी प्रदेशको राजधानी पोखरामै आयोजना गरिएको जानकारी दिए ।

उनले प्रधानमन्त्रीकै तहबाट प्रदेश मुख्यमन्त्रीहरूसँग समयसमयमा छलफल र अन्तरक्रिया हुँदै आएको र प्रदेश मुख्यमन्त्रीसमेतको सहभागितामा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक गर्ने पद्धतिको विकास गरिएकोसमेत सो अवसरमा जानकारी दिए । अन्तरप्रदेश मुख्यमन्त्री बैठकमा कोशी प्रदेशका मुख्यमन्त्रीबाहेक छ प्रदेशका मुख्यमन्त्रीको सहभागिता रहेको छ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले शुक्रबार नै प्रदेशसभाबाट विश्वासको मत जुटाउन नसकी सत्तावहिर्गमन हुनुपरेको छ ।

## सत्ताविहीन...

पृष्ठ १ बाट जारी

उनको चाहना छ ।

फेरि, कांग्रेस प्रदेश संसदीय दल कोशीले दलका नेता थापाकै नेतृत्वमा सरकार गठन हुनुपर्ने निर्णय गरिसकेको छ । तर, उनीसँगै मुख्यमन्त्रीको प्रतिस्पर्धामा माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो पनि छन् । उनी मुख्यमन्त्रीको प्रबल दाबेदार हुन् ।

उनी अघिल्लो संसद्मा करिब साढे चार वर्ष आर्थिक मामिला तथा योजनामन्त्री भएका थिए । उनको दल माओवादीले पनि माओवादीको नेतृत्वमा सरकार गठन हुनुपर्ने र हुँदा मुख्यमन्त्री आङ्बो हुने निर्णय गरिसकेको छ ।

'हामीले आफ्नै नेतृत्वमा सरकार गठन गर्ने दलको बैठकबाट निर्णय गरेका छौं,' उनले भने, 'यसले गर्दा हाम्रै नेतृत्वमा सरकार बनाउन हाम्रो पहल हुन्छ ।' गठबन्धनको अर्को दल नेकपा (एकीकृत समाजवादी) को भने मुख्यमन्त्रीमा दाबी छैन ।

पूर्वमुख्यमन्त्रीसमेत रहेका उक्त पार्टीका संसदीय दलका नेता राजेन्द्रकुमार राईले गठबन्धनका अन्य दलहरूलाई मुख्यमन्त्रीमा सहयोग गर्ने बताए ।

'यसअघि नै म मुख्यमन्त्री भइसकें । मुख्यमन्त्री हुँदा सक्षमतापूर्वक सरकार सञ्चालन गरेको हुनाले मलाई संसद्ले स्वीकार्ने अवस्था छ,' उनले भने, 'एक सिटे दलले पनि मुख्यमन्त्रीमा दाबी गर्न सकिने हुँदा मैले दाबी नगर्ने भन्ने हुँदैन । म अवसर दिने पक्षमा छु ।'

प्रदेश संसद्मा कांग्रेसका २९ जना, माओवादीका सभामुखसहित १३ जना र नेकपा एसका चार जना र जसपाका एक जना छन् । सभामुखले सरकार गठनका लागि मतदान गरेको अवस्थामा मात्रै यी चार दलको ४७ जना सांसद पुग्छ । जुन सरकार गठन गर्न सकिने बहुमत हो ।

नेकपा एमालेसँग ४० जना र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)सँग छ जना गरी ४६ जना सांसद छन् । यसले गर्दा एमाले संसदीय दलका नेता कार्की नेतृत्वको प्रदेश सरकार ढाले पनि चार दललाई सरकार गठनमा पटक्कै सहज देखिएको छैन । यद्यपि, माओवादी संसदीय दलका नेता बहुमतको सरकार बन्ने दाबी गर्छन् । 'जे भए पनि हामी बहुमत पु¥याएर प्रदेश प्रमुखसँग दाबी गर्न जान्छौं,' उनले भने ।

चार दलीय गठबन्धनले सरकार गठन संविधानको धारा १६८ को उपधारा (२) अनुसार गर्नेछन् । जहाँ दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यले मुख्यमन्त्रीमा पेस गर्न सकिने कानुनी व्यवस्था छ । यसअघि २४ पुसमा कार्की नेतृत्वको सरकार पनि यही कानुनी आधारमा टेकेर गठन भएको थियो ।

जतिबेला उनले माओवादी र जसपाको समर्थन पाएका थिए । तर, केन्द्रीय गठबन्धनमा भएको हेरफेरका कारण कार्की नेतृत्वको प्रदेश सरकारबाट माओवादी र जसपा अलग भए । अन्ततः बिहीबार प्रदेश संसद्मा उनले विश्वासको मतसम्बन्धी प्रस्ताव राखे । शुक्रबार मत विभाजन हुँदा बहुमतका लागि एक मत कम अर्थात् ४६ मतमात्रै पाए । यससँगै अन्तिम रहेको एमाले नेतृत्वको प्रदेश सरकार पनि ढलेको हो । अब, एमाले संघ र सबै प्रदेशमा सत्ताविहीन भएको छ ।

## अन्तरसम्बन्धले...

पृष्ठ १ बाट जारी

संघीय कानुन निर्माण नभएका कारण प्रदेश कानुन निर्माण हुन नसकेको भन्दै उनले संविधानतः प्राप्त एकल अधिकारका विषय कार्यान्वयनमा समस्या देखिएको बताए ।

मुख्यमन्त्री पाण्डेले भने, 'प्रहरी समायोजन नभएकाले प्रदेशमा शान्ति सुरक्षा कायम राख्ने, विपद् व्यवस्थापनमा सुरक्षाकर्मी परिचालन गर्न तथा सुरक्षा निकायसँग समन्वय गर्न कठिनाइ भएको छ । जग्गा प्राप्तिको पनि समस्या छ ।'

कर्मचारी सरुवामा समन्वय नहुँदा आएका जटिलतालगायत विषयमा छलफल भई समाधानका उपाय पहिल्याइ संघ र प्रदेश सरकारबीचको सहकार्यलाई समन्वयकारी बनाउनुपर्नेमा उनले बताए ।

प्रदेश कानुनमा एकरूपता कायम गर्दै अन्तरप्रदेश कार्यक्रम तथा आयोजना सञ्चालन गर्ने विषयमा सहकार्य जरुरी रहेको बताउँदै उनले प्रदेशको औचित्यबारे साझा धारणा निर्माण गर्न यो बैठक सफल हुने विश्वास लिइएको बताए ।

समग्रमा राजनीतिक, कानुनी, प्रशासनिक र वित्तीय संघीयतालाई प्रभावकारी बनाउनेतर्फ हाम्रो ध्यान आकृष्ट हुन जरुरी रहेको बताउँदै उनले यसमा संघीय सरकारले समन्वयका लागि नेतृत्वसहित मार्गदर्शन गर्नुपर्ने र सबै प्रदेश सरकार हातेमालो गर्नको लागि तयार रहेको र रहनुपर्नेमा जोड दिए ।

### बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति :२०८०/०३/१६

यस सामुदायिक वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालयको च.नं. २०७८ मिति २०७९/११/२६ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ दाउराहरूलाइ डिभिजन वन कार्यालय, बाँकेको च.नं. ३५७९ मिति २०८०/३/८ गतेको समूह बाहिर बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, कर्मा, अस्ना, जामुन, धौटी दवदवे लगायतका जातका गोलिया थान ६७ को ११८२.२० घ.फी. काठ साल जातको दाउरा २.०० चट्टा अन्य जातको दाउरा ३.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालयमा सूचिकृत भएका इच्छुक काष्ठ उद्योग ले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१औं दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनको कार्यालय समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । बिस्तृत सूचना यस समूहको सूचना पाटीमा टांस गरेको व्यहोरा सम्बन्धित सवैलाई सूचित गरिन्छ ।

**श्री राम जानकी सामुदायिक वन उपभोक्ता समूह**
**नरैनापुर गा.पा. २ बाँके**

### श्री सिद्धबाबा सामुदायिक वन उपभोक्ता समूह
राप्ती सोनारी गा.पा.-६, बाँके

**गोलिया काठ तथा दाउरा चट्टा बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सुचना**

(प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०३/१६ गते)

यस सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गरेको वन क्षेत्रका समूहको स्वीकृत वन व्यवस्थापन योजना अनुसार डि.व.का. बाँकेको च.नं. २७८० मिति २०८०/०१/१३ गतेको वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा समूहमा आन्तरिक खपत भई बाँकी रहेका काठ दाउरा डि.व.का. बाँकेको च.नं. ३४२७ मिति २०८०/०२/३० को बाहृय लिलाम सहमति बमोजिम समूहको घाट गद्दीमा रहेका साल, कर्मा, सिसौं, खयर, जामुन, वटधाइरो, बर्रो र सिरिस लगायतका जातका गोलिया थान १६७ को ९४१.५३ घ.फि. काठ र सिसौं जातका दाउरा १.०० चट्टा र अन्य जातका दाउरा ८.०० चट्टा हाल जे-जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले सुचिकृत भएका काठ व्यवसायिहरुले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनको कार्यालय समयसम्म सिलबन्दी बोलपत्र दाखिला गर्नुहुन आव्हान गरिन्छ । विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरेको व्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

### कम्पनीको नाम परिर्वतन गरिएको सूचना

प्रथमपटक प्रकाशित मिति : २०८०/०३/१६

यस कम्पनीको मिति २०७९/०३/०१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **गल्फ सेक्युरिटी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **दियालो फोर्स सेक्युरिटी प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०३/०३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **दियालो फोर्स सेक्युरिटी प्रा.लि.** (प्रा.लि.नं.६०६५५) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INSPIRE INTERNATIONAL TRADING & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०३/१५ | LT. No. 288600 | चलानी नं. ६०२०४०५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 8 | 0 | 1100 | ३९,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 19 | 0 | 1100 | ३९,६३० | | | | | | | |
| 3 | Executive Secretary | 0 | 2 | 2500 | ९०,०७० | | | | | | | |
| 4 | Labour | 8 | 0 | 1000 | ३६,०३० | | | | | | | |
| 5 | Mason | 6 | 0 | 1100 | ३९,६३० | | | | | | | |
| 6 | Painter | 5 | 0 | 1100 | ३९,६३० | | | | | | | |
| 7 | Receptionist | 0 | 2 | 1500 | ५४,०४५ | | | | | | | |
| 8 | Reinforce Fitter | 2 | 0 | 1100 | ३९,६३० | | | | | | | |
| 9 | Secretary | 0 | 1 | 2100 | ७५,६६० | | | | | | | |
| 10 | Supervisor | 0 | 1 | 2500 | ९०,०७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २३ गते (8th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क।-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५०/०५६/५७

**HYHIRE INTERNATIONAL PVT. LTD.**
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MELATONE SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०३/१५ | LT. No. : 288623 | चलानी नं.६०२०४०७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory worker | 10 | 0 | 1500 | ४२,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २३ गते (8th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५९३/०७९/०८०

**Greenland Services Pvt. Ltd.**
"A Complete Ethical Recruitment Agency"
Basundhara,Kathmandu, Nepal
Tel: +977 1 5916353
Email: greenlandnepal@gmail.com, Website: www.greenlandnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EASTMONT SDN BHD

पुर्व स्वीकृति मिति २०७९/१२/२० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१५ | LT. No. :283889 | चलानी नं.६०१९९३५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Conduction Worker | 20 | 0 | 1500 | ४२,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २३ गते (8th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PARADISE BEAUTY SALOON

पूर्व स्वीकृति मिति : २०८०/०३/१५ | LT. No. 288743 | चलानी नं.६०२०४०३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Beautican | 0 | 1 | 1700 | ६१,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २३ गते (8th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LULU MUSCAT HYPER MARKET LLC

पुर्व स्वीकृति मिति २०८०/०३/१५ | LT. No. 288760 | चलानी नं. ६०२०४०६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OMR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & unloading Workers | 150 | 0 | 100 | ३४,२४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Packing & Packaging Worker/General | 125 | 0 | 100 | ३४,२४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २३ गते (8th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क ।-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. २३५/०५८/०५९

**JOB SEEKER MANPOWER Pvt. Ltd.**
Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np
Website :www.jobseekermanpower.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MALIK STREAMS SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/०३/१३ | LT. No. 288721 | चलानी नं. ६०२०४०६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 10 | 0 | 1500 | ४२,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २३ गते (8th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4955765
Mobile: 9842381591, 9860684532



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAJ NATIONAL GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०३/१५ | LT No.288751 | चलानी नं. ६०२०४०४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 2 | 0 | 1000 | ३५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २३ गते (8th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONGEE RICE NOODLE RESTAURANT

पूर्व स्वीकृति मिति २०८०/०१/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१५ | LT No :285053 | चलानी नं. ६०२००९८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 6 | 0 | 1500 | ४२,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २३ गते (8th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५०० कामदार आफैले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८५/०५९/०६०

**B.M. Overseas Pvt. Ltd.**
Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4780292
E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TONG ZI LIN FOOD SDN.BHD

पूर्व स्वीकृति मिति २०७९/०५/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१५ | LT. No. 270738 | चलानी नं. ६०१८६५५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 12 | 0 | 1500 | ४२,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २३ गते (8th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

BIGYAN Govt. License 1503/074/75

**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477, 9801085037,9851004013

# पाँचखालको योजना : लगानी सम्मेलन

काभ्रे- पाँचखाल नगरपालिकाले यस वर्ष लगानी सम्मेलनको आयोजना गर्ने भएको छ । कोरोना संक्रमणलगायत विविध कारण सम्मेलन लगातार चार वर्ष अनिश्चित भएको थियो ।

नगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ मा लगानी सम्मेलन गर्ने आफ्नो बजेट, नीति तथा कार्यक्रममा समावेश गरेको छ । सम्मेलनको अयोजना घोषणा गरेको नगरपालिकाले कोरोना संक्रमणको तेस्रो लहरसम्म गर्न सकेको थिएन । 'चालु आवमा पनि गर्न भ्याइएन, अबको वर्ष जसरी पनि गर्ने बजेटसहितको योजना बनाउनेछौं,' नगरप्रमुख महेश खरेलले भने । लगानी सम्मेलनको चाहना त्यतिकै जाने हो कि भन्ने डरमा थिए, पुनः नगरप्रमुख भएपछि त्यो चाहनालाई पूरा गर्नेतिर लागिरहेको उनले बताए ।

आव २०७६/७७ मा कार्यपालिका बैठकले निर्णय गर्दै बजेट विनियोजन गरी तयारीमा जुटेपछि कोरोना भाइरसको संक्रमण उच्च जोखिम बढ्दै गएपछि त्यसयता लगानी सम्मेलनको योजना योजनामै सीमित भएको थियो । कोरोनाको तेस्रो लहरसम्मका कारण त्यसको असर नगरको अर्थतन्त्रमा परेका कारण गत वर्ष पनि गर्न नसकिएको खरेलले दुःखेसो पोखे ।

उनका अनुसार सम्मेलनमा लगानीकर्ताबाट १५ अर्ब रूपैयाँको लक्ष्य लिइएको थियो । खरेलले भने, 'यस वर्ष सम्मेलन गर्न सकिने वातावरण बन्दै गएको छ, यो वर्ष गर्ने नै योजना बनाएका हौं, यसका लागि लगानीकर्ता निम्त्याउनेबारे अध्ययन थाल्नेछौं ।' यसअघि स्थानीय तहअन्तर्गत पहिलोपल्ट विसं २०७६ असोजमा रूपन्देहीको तिलोत्तमा नगरपालिकाले गरेको लगानी सम्मेलनमा स्वेदेशीसहित विदेशी लगानीकर्ताले १५ अर्ब रूपैयाँभन्दा बढीको लगानी प्रतिबद्धता जनाएका थिए ।

पाँचखाल क्षेत्रको समग्र विकासका लागि चालु आवमा लगानीकर्ता तथा रोजगारदाताको सम्मेलन गर्न अघिल्ला दुवै आवमा प्रारम्भिक बजेट छुटचाइएको उनले जानकारी दिए । उनले भने, 'पाँचखालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका विकासका काम सुरु भएसँगै लागानी सम्मेलन फलदायी हुने अपेक्षा गरेका छौं ।' सम्मेलनमा विशेषगरी कृषि र पशुपालनमा लगानकर्तालाई आकर्षण गराउने योजनामा बनाइएको छ ।

पाँचखालमा लगानी तथा पर्यटनका प्रचुर सम्भावना भएका स्थानमा सडक पुर्‍याइसकिएको तथा पुर्‍याउने काम अन्तिम चरणमा रहेकाले वातावरणको दृष्टिकोणले लगानीकर्ता आकर्षण हुनु स्वाभाविक रहेको बताइन्छ । कृषि तथा पशुपालन क्षेत्रमा आधुनिककीकरण, सौर्य ऊर्जा, प्रविधि र पर्यटकीयस्तरका ठूला होटल, उद्योग स्थापनार्थ सम्मेलनमा प्रस्तावसमेत गरिने योजना बनाइएको छ । 'सम्मेलनमा स्थानीयलाई रोजगार दिने उद्योग तथा परियोजनालाई कर छुट दिने योजना ल्याइसकेका छौं,' प्रमुख खरेलले भने ।

सम्मेलनमा पाँचखालमा विभिन्न ऐतिहासिक स्थलसमेत रहेकाले पर्यटन र स्थानीय सांस्कृतिक क्षेत्र लक्षित आयोजनालाई समेत प्राथमिकतामा राखिनेछ । पाँचखालमा विशेष आर्थिक क्षेत्र (सेज)को निर्माण अन्तिम चरणमा पुगेको, मदन भण्डारी विश्वविद्यालयका लागि जग्गा व्यवस्थापन भई हाल संसद्बाट विधेयकसमेत पारित भइसकेको, बृहत् सुनकोशी पाँचखाल खानेपानी आयोजनाको काम अन्तिम चरणमा रहेको, राष्ट्रिय युवा परिषद्द्वारा निर्माण हुने 'नेसनल युथ इनोभेसन सेन्टर', महिला उद्योग ग्रामको प्रक्रिया थालिएको, एकीकृत तथा स्मार्ट सिटीका लागि पनि जमिन छुटचाएकाले पनि थप लगानीकर्ता र रोजगारदाता आवश्यक रहेको जनाउँदै नगरपालिकाले सम्मेलनको योजना बनाएको हो ।

नगरप्रमुख खरेलका अनुसार हालै सम्झौता गरिएको स्मार्ट सिटी पनि लगानीको एउटा वैकल्पिक योजना हो । ग्रीन स्मार्ट-सिटी निर्माणका लागि सहरी विकास मन्त्रालयको सघन सहरी विकास कार्यक्रमअन्तर्गत सहरी विकास कार्यक्रम आयोजना गर्न ५० करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ । मन्त्रालयले देशका ४४ नगरपालिकालाई छनोट गरेकामध्ये पाँचखाललाई प्राप्त ५० करोड रूपैयाँ बजेटमा ५० प्रतिशत सडक क्षेत्रमा, ३० प्रतिशत आयआर्जन, १५ प्रतिशत सामुदायिक पूर्वाधार तथा पाँच प्रतिशत रकम शासकीय पूर्वाधार निर्माणमा खर्च गर्नुपर्नेछ । *रासस*

## धनुषाका सिडिओविरूद्ध विद्यार्थीको प्रदर्शन

**जनकपुरधाम (प्रस)**- धनुषाका प्रमुख जिल्ला अधिकारी (सिडिओ) काशिराज दाहालविरूद्ध विद्यार्थीहरूले जनकपुरधाममा शुक्रबार प्रदर्शन गरेका छन् । शिक्षक सरुवाको विषयलाई लिएर उनीहरूले जिल्ला प्रशासन कार्यालय घेराउ गरेका हुन् ।

जिल्लाको औरही गाँउपालिका भिटकहियास्थित रामजानकी माध्यमिक विद्यालयको शिक्षक सरुवाको विषय लिएर विद्यार्थीहरू आन्दोलित भएका हुन् । उनीहरूले सिडिओ दाहालको राजीनामा माग गरे । साथै, शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, शिक्षक बद्रीनारायण यादवलगायतको विरोधमा नारा लगाएका थिए ।

प्रदर्शनमा सहभागी एक विद्यार्थीहरूले नैतिक पतन भएका शिक्षक बद्रीनारायणलाई विद्यालयमा पठाएकोले विरोधमा उत्रिएको बताए । विद्यालयको सुधारमा योगदान गरेका शिक्षक मदनलाई नै फर्काउनुपर्ने उनीहरूको माग छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०८०/०३/१६**

यस कम्पनीको मिति २०८०/०२/२६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **प्रिन्कलवेल पिक्चर्स प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **आयंका फिल्मस् प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०२/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **आयंका फिल्मस् प्रा.लि.** (**प्रा.लि.नं.**२०२९४०/०७५/०७६) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### प्रमाणपत्र हरायो

मिति २०७९/१०/०२ गोकर्णबाट चावहिलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको को Bachelor level B.Sc. CSIT को ओरिजिनल प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **बालकृष्ण भट्टराई**
रजिस्ट्रेसन नं : ५-२-४५६-४४-२००७
ठेगाना : गोकणेश्वर ८, काठमाडौं
सर्म्पक : ९८४३००२५८५ (**केशव प्रसाद उपाध्याय**)


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMWAJ ALMSELA TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०३/१५ | LT. No. :288756 | चलानी नं. ६०२०४०४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 7 | 0 | 1100 | ३९,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1100 | ३९,६३० | | | | | | | |
| 3 | Driver | 1 | 0 | 1900 | ६८,४५५ | | | | | | | |
| 4 | General Cleaner | 3 | 3 | 1000 | ३६,०३० | | | | | | | |
| 5 | Labour | 30 | 0 | 1000 | ३६,०३० | | | | | | | |
| 6 | Mason | 18 | 0 | 1100 | ३९,६३० | | | | | | | |
| 7 | Plaster Worker | 1 | 0 | 1100 | ३९,६३० | | | | | | | |
| 8 | Plumber | 1 | 0 | 1100 | ३९,६३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २३ गते (8th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Dream & Guide System Pvt. Ltd.**
श्रम इजाजत नं. ६७१/०६३/०६४
P.O.Box:- 144,Sundar Marg, Basundhara-3, Kathmandu, Nepal,
Tel: - +977-01-5905860, 5905859, Email: - dreamguidesystem@gmail.com/ info@dreamandguide.com, Web:- www.dreamandguide.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TRANSGUARD GROUP LLC

पूर्व स्वीकृति मिति २०८०/०३/१५ | LT. No.288701 | चलानी नं.६०२०४०७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 20 | 900 | ३२,१५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Housekeeper | 20 | 0 | 1100 | ३९,३०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २३ गते (8th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: नि:शुल्क कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TARTINE CONFECTIONERY CORPORATION

पूर्व स्वीकृति मिति २०८०/०२/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१५ | LT. No. 287008 | चलानी नं. ६०२०२३७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1200 | ४२,१८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 5 | 0 | 1200 | ४२,१८० | | | | | | | |

कम्पनी : THE FACTORY IS SAMI ABDUL RAHMAN MUHAMMAD AL-LUHAIDAN INDUSTRY

पूर्व स्वीकृति मिति २०८०/०२/३१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१५ | LT. No. 287733 | चलानी नं. ६०२०३१८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 5 | 0 | 1800 | ६३,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PATTERN COMPANY

पूर्व स्वीकृति मिति २०८०/०३/०१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१५ | LT. No. 287925 | चलानी नं. ६०२०३२६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Offices and Facilities Cleaning Labors | 2 | 0 | 1200 | ४२,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २३ गते (8th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUNRISE BUILDING CLEANING SERVICES.

पूर्व स्वीकृति मिति २०८०/०३/१५ | LT. No 288707 | चलानी नं. ६०२०४०२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 70 | 30 | 800 | २८,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २३ गते (8th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL JAZEERA AL MUSTADEERAH CAR MAINTENANCE WORKSHOP

पूर्व स्वीकृति मिति: २०८०/०३/१५ | LT. No.288722 | चलानी नं. ६०२०४०७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Mechanic | 1 | 0 | 1500 | ५२,७२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Vehicle Welder | 1 | 0 | 1500 | ५२,७२५ | | | | | | | |

कम्पनी : ABDUL RAHMAN AL-OTAISHAN &SONS GROUP CO. LLC

पूर्व स्वीकृति मिति: २०८०/०३/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१५ | LT. No.288147 | चलानी नं. ६०२०३४४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 4 | 0 | 1000 | ३५,१५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labour | 13 | 0 | 1000 | ३५,१५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २३ गते (8th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Public Relation Officer (PRO) 2 M/F

योग्यता: +2 pass, सम्बन्धित क्षेत्रमा अनुभवी
**तलब: आपसी समझदारीमा**

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np


## सूचना

यस रोयल काठमाडौं हिमालय बेवरेज प्रा. लि. बनेपा-१३, काभ्रे को मिति २०८० आषाढ १ मा प्रभाव राष्ट्रिय दैनिकी पत्रिकामा प्रकाशित गरिएको मूल्य सूची मिति २०८०/०३/१५ देखि लागु हुने जानकारी प्राबिधिक कारणवस उक्त दररेट २०८०/०४/०१ देखि लागु हुने सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**रोयल काठमाडौं हिमालय बेवरेज प्रा. लि.**

---

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान**
वीर अस्पताल

## शिलवन्दी दरभाउपत्र स्विकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८०/०३/१६

यस अस्पतालबाट प्रकाशित सूचना अनुसार तपसिलमा उल्लेखित शिलवन्दी दरभाउपत्रदाताहरुको प्रस्ताव न्यूनतम मूल्याङ्कित र सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्वन्धित सवै दरभाउपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | बोलपत्र नं. | कामको विववरण | छनौट भएको दरभाउपत्रदाताको नाम, ठेगाना | कबोल अंक (रकम) मू.अ.कर समेत |
|---|---|---|---|---|
| १. | NAMS/SQ/79/80/03 | Supply Delivery & Installation of Slit Lamp | PSM Trade Link | **रु. १९,६१,७३६।५०** (अक्षरुपी उन्नाइस लाख एकसाठ्ठी हजार सात सय छत्तीस पैसा पचास मात्र) |

निर्देशक

---

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## त्रिशुली अस्पताल

**नुवाकोट, बागमती प्रदेश, नेपाल ।**
**विज्ञापन नं.: ०४/०७९/०८०**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/०३/१५ गते**

स्वास्थ्य मन्त्रालय बागमती प्रदेशको च.नं. २३१७, मिति २०८०/०३/१३ गतेको जनशक्ति व्यवस्थापन सम्बन्धी सहमति पत्रानुसार यस त्रिशुली अस्पताल नुवाकोटमा बागमती प्रदेश स्वीकृत अस्थायी दरबन्दी अन्तर्गत जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धमा निम्न लिखित पदमा कर्मचारीहरुको आवश्यकता भएको हुँदा योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिबाट १५ (पन्ध्र) दिनभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**:

| क्र.सं. | पद | तह | संख्या | दस्तुर |
|---|---|---|---|---|
| १ | कन्सल्टेण्ट पेडियाट्रिसियन | ९ औं | १ | रु. १०००/- |
| २ | कन्सल्टेन्ट अब्सटेट्रिसियन एण्ड गाइनेकोलोजिष्ट | ९ औं | १ | |
| ३ | कन्सल्टेण्ट अर्थोपेडिक सर्जन | ९ औं | २ | |
| ४ | मेडिकल अधिकृत | ८ औं | १ | |

१. **कार्यक्षेत्र:** त्रिशुली अस्पताल अन्तर्गत ।
२. **न्यूनतम शैक्षिक योग्यता:** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा उत्तीर्ण र सम्बन्धित काउन्सिलमा दर्ता भएको ।
३. **तलब :** नेपाल सरकारको नियमानुसार हुनेछ । थप अतिरिक्त भत्ता तथा अन्य प्रोत्साहन भत्ता आपसी सहमतिबाट उपलब्ध गराइनेछ ।
४. **अन्तरवार्ता:** सूचना मार्फत जानकारी गराइनेछ ।
५. **आवेदनको लागि:** यस अस्पतालको trishulihospital.gov.np बाट Application Form Download गरी रीतपूर्वक दरखास्त फाराम भरी यसै अस्पतालको thvacancy@gmail.com मा ईमेल गर्नुपर्ने छ ।
६. **परीक्षा दस्तुर :** फिर्ता नहुने गरी **"त्रिशुली अस्पताल विकास समिति"** को हिमालय बैंक लिमिटेडको खाता नं. ०२६०८५०७५९००१८ मा जम्मा गरिएको भौचर पेश गर्नुपर्ने छ ।
७. **थप जानकारीको लागि:** ९८६९१०११९४ (प्रशासन अधिकृत) मा सम्पर्क गर्न सकिने छ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १०९४०० | प्रति तोला - १०८९०० | प्रति तोला - १३७० |



**कर्णालीमा रोपाइँ महोत्सव** | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेशद्वारा शुक्रबार वीरेन्द्रनगर नगरपालिका-२ भुरेलीमा शुक्रबार आयोजित २०औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवमा सहभागी कर्मचारी, किसान तथा बालबालिका । *तस्बिरः सुरेश आचार्य/रासस*

## अकाशे पानीको भरमा रोपाइँ

**गोलबजार (प्रस)**- नेपालको अन्न भण्डार मान्ने चुरे पहाडदेखि तलको भागमा अकाशे पानीको भरमा किसान धान खेती गर्न बाध्य रहेको छ भएका छन् । सिरहा जिल्लामा कूल खेतीयोग्य जग्गा ७३ हजार हेक्टर क्षेत्रफलमध्ये धान रोपाइँ ५४ हजार हेक्टर क्षेत्रफलमा हुँदै आएको छ । त्यसमध्ये हालसम्म आठ प्रतिशत पनि धान रोपाइँ हुन सकेको छैन । सिँचाइ सुविधा ३९ हजार हेक्टर क्षेत्रफल जमिनमा मात्र उपलब्ध रहेको जसको मूल स्रोत स्यालो टचुवेल रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

कूल खेतीयोग्य जग्गामध्ये गत वर्ष यही समयमा सिरहाका अधिकांश स्थानमा रोपाइँ सुरु भइसकेको थियो। फाटफुटरूपमा सरकारी र निजीस्तरबाट गाडिएको स्यालो टचुवेलबाट विद्युतीय मोटर र दमकलबाट पानी तानेर खेती भई रहे पनि पानी नपरेपछि अधिकांश भूभागमा अझैसम्म धान रोपाइँ हुन सकेको छैन ।

मनसुन सुरु भए पनि हालसम्म पर्याप्त पानी परेको छैन । केही दिनअघिदेखि हल्का पानी परे पनि रोपाइँका लागि पानी पर्याप्त हुन नसकेको किसानले बताएका छन् । पानी नपर्दा रोपाइँ गर्न नसकिएको भगवानपुर गाउँपालिका-३ कृषक पप्पुकुमार यादवले बताए । गत वर्ष यहीँ समयमा २५ प्रतिशत रोपाइँ भएको उनले जानकारी गराए । यो वर्ष धान उत्पादनसमेत घट्ने सिरहा नगरपालिका-१५ का कृषक ब्रह्मदेव यादवको गुनासो थियो । उनले भने, 'विगत वर्षमा यो बेलासम्म रोपाइँ गर्दा धान हरियो भइसक्थ्यो भने रोपाइँ पनि अति तीव्ररूपमा हुन्थ्यो । यो वर्ष कहिले रोपाइँ हुने हो थाहा छैन । समयमै धान रोप्न नपाउँदा धान उत्पादनसमेत घट्न सक्ने भन्दै कृषक चिन्तित बनेका छन् ।'

गत वर्ष यही समयमा २२ प्रतिशत रोपाइँ भइसकेकामा यो वर्ष अधिकांश स्थानमा रोपाइँ नै सुरु हुन नसकेको कृषि ज्ञान केन्द्रका प्रमुख नरेन्द्र महासेठले बताए । उनले भने, 'यो वर्ष पानी परेको छैन, किसानले बनाएका धानको ब्याड केहीँ सुक्न थालेका छन् । पानी परेको भए किसानले जेठको अन्तिम सातादेखि नै रोपाइँ सुरु गर्थे ।' अकाशे पानीको भर पर्दा रोपाइँ नै हुन नसकेको केन्द्रको भनाइ थियो ।

# 'अर्थतन्त्र सबल बनाउन धान उत्पादनलाई प्रवर्द्धन गर्नुपर्छ'

■ प्रभाव संवाददाता

**पाटन-** कृषि तथा पशुपन्छी विकासमन्त्री डा. वेदुराम भुसालले अर्थतन्त्रलाई सुदृढ बनाउन धान उत्पादनलाई प्रवर्द्धन गरिनुपर्नेमा जोड दिएका छन् ।

राष्ट्रिय कृषि अनुसन्धान परिषद्द्वारा खुमल्टारमा आयोजित २०औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव २०८० लाई सम्बोधन गर्दै उनले बाँझो जमिनको उपयोग गर्ने यस वर्षको नीति रहेको र उत्पादन गरेको प्रविधि र बीउ लक्षित वर्ग किसानसम्म पुऱ्याएर उपलब्धि हासिल गर्न लाग्नुपर्ने बताएका हुन् ।

'हाम्रो अर्थतन्त्रलाई सबल बनाउन धानलाई प्रवर्द्धन गर्नुपर्ने छ । एक लाख ३० हजार हेक्टर जमिन बाँझो भएको छ । राज्यको तर्फबाट उपयुक्त सेवा सुविधा पुऱ्याउन नसक्दा बसाइँसराइ यसको मुख्य कारण बन्न पुगे । यस वर्ष बाँझो जमिनको उपयोग गर्ने नीति छ, सेवा सुविधा पुऱ्याउन मन्त्रालय क्रियाशील छ । यस वर्षको सबै कार्यक्रमलाई सफल बनाउन लागि परौं ।' मन्त्री डा. भुसालले भने ।

राष्ट्रिय योजना आयोगले कृषि मन्त्रालयको बजेट 'सिलिङ' घटाउँदा समस्या भएको बताउँदै मन्त्री भुसालले उत्पादन गरेको प्रविधि र बीउ लक्षित वर्ग किसानसम्म पुऱ्याएर उपलब्धि हासिल गर्न लाग्नुपर्नेमा जोड दिए । उनले कृषि सामग्री संस्थानसँग र साल्ट ट्रेडिङसँग मल पर्याप्त मौज्दात रहेको भन्दै यस वर्ष मलको अभाव नहुने प्रस्ट पारे ।

राष्ट्रिय योजना आयोगका सदस्य डा. जयकान्त राउतले धान उत्पादनमा नेपाल विश्वको १२ औं स्थानमा भए पनि ठूलो संख्यामा धान आयात गरिरहेको बताउँदै धान उत्पादन वृद्धिका लागि सबै पक्ष उत्तिकै जिम्मेवार हुनुपर्नेमा जोड दिए ।

'धान उत्पादनमा नेपाल विश्वको १२औं स्थानमा छ । तर पनि हामी ठूलो संख्यामा धान आयात गरिरहेका छौं । विसं २०३१ मा आठ वटा कम्पनीले धान निर्यात गर्थे, अहिले हामी धान आयात गरिरहेका छौं । यो अवस्था किन आयो भनेर समीक्षा गर्नुपर्ने बेला आएको छ,' डा. राउतले भने ।

सदस्य डा. राउतले धान उत्पादन हाम्रो समग्र अर्थिक वृद्धिसँग जोडिएकोतर्फ ध्यान दिँदै उत्पादन वृद्धिका लागि सबै पक्ष उत्तिकै जिम्मेवार हुनुपर्ने धारणा राखे । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. दीपककुमार खरालले खाद्यसुरक्षा, आयआर्जनका दृष्टिकोणले धान उत्पादनमा वृद्धि गर्नु अहिलेको आवश्यकता रहेको तर्क गरे ।

'खाद्यसुरक्षा, आयआर्जनका दृष्टिकोणले धान उत्पादनमा वृद्धि गर्नु आजको आवश्यकता हो । जीवन सुरक्षाका लागि कृषकमैत्री प्रविधि निर्माण गरेर धान उत्पादनमा लगाउन हामी सबैले पहल गर्नुपर्छ । यसका लागि नार्कको भूमिका महत्त्वपूर्ण छ । इरी संस्थासँग समन्वय गरेर उत्पादनमा वृद्धि गर्ने गरी धानका बीउ व्यवस्थापनका लागि हामी लागि परेका छौं,' सचिव डा. खरालले भने ।

उनले सिँचाइ र पूर्वाधारको उचित व्यवस्थापन हुन नसक्दा उत्पादनमा समस्या रहेको बताउँदै चैते धानलाई कसरी प्रवर्द्धन गर्ने भन्नेमा मन्त्रालय लागेको र प्रविधिको विकासअनुसार बीउ उत्पादन र नियमन गरेर जाने कुरामा मन्त्रालयको ध्यान गएको बताए ।

कृषि अनुसन्धान परिषद्का कार्यकारी निर्देशक डा. ध्रुवराज भट्टराईले राष्ट्रिय जिडिपीमा धान उत्पादनको योगदान पाँच प्रतिशत रहेको बताउँदै गुणस्तरीय बीउ वितरण गरेर आगामी दिनमा स्थानीय सरकारसँग समन्वय गर्दै उत्पादन वृद्धिमा लाग्नुपर्ने बताए ।

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका महानिर्देशक डा. रामकृष्ण श्रेष्ठले जलवायु परिवर्तनको असरले कृषि उत्पादनका साथै धान उत्पादनमासमेत असर परेको अवस्थालाई ध्यान राख्दै यस वर्षको नारा तय गरिएको बताए । यस वर्ष धान दिवसमा 'जलवायु अनुकूलित कृषकमैत्री प्रविधि, धान उत्पादनमा वृद्धि' भन्ने नारा छ । उनले हाल नेपाललाई ७२ लाख मेट्रिक टन धान आवश्यक पर्नेमा उत्पादन ५६ लाख मेट्रिक टनमात्रै उत्पादन भइरहेको बताए ।

## दाङमा पानी नपर्दा ९० प्रतिशत खेत बाँझै



**घोराही-** दाङका अधिकांश किसानले यस वर्ष धान रोपेका छैनन् । समयमै वर्षात् नहुँदा यस वर्ष जिल्लामा रोपाइँ ढिला भएको हो । असारको मध्यसम्म पनि दाङमा करिब १० प्रतिशतमात्रै रोपाइँ सकिएको छ । यस वर्ष मनसुन ढिला भित्रिएपछि असारको दोस्रो सातासम्म पनि करिब ९० प्रतिशत खेत बाँझै छन् ।

गत वर्ष असारको दोस्रो सातासम्म करिब ३५ प्रतिशत रोपाइँ भइसकेको थियो । यस वर्ष वर्षा ढिला हुँदा रोपाइँ ढिला भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी पृथ्वीराज लामिछानेले बताए । 'जिल्लामा यस वर्ष अहिलेसम्म करिब १० प्रतिशतमात्रै धान रोपाइँ सकिएको छ,' उनले भने, 'वर्षा ढिला हुँदा यस वर्ष अझै पनि ९० प्रतिशत खेत रोप्न बाँकी छ ।'

गत वर्ष समयमै वर्षा सुरु भएकाले असारको दोस्रो सातासम्म दाङमा ३५ प्रतिशत रोपाइँ सकिएको सूचना अधिकारी लामिछानेको भनाइ छ । 'गत वर्षभन्दा यस वर्ष धेरै कम रोपाइँ भएको छ,' उनले भने । यस वर्ष वर्षा समयमै नहुँदा किसानले बीउ समयमै राख्न नपाएको उनले बताए । 'किसानले वर्षा ढिला भएकाले बीउ समयमा राख्न पाएनन्,' उनले भने, 'बीउ भएको भए अहिले वर्षाको समयमा छिटो रोपाइँ हुन्थ्यो ।'

उनका अनुसार जिल्लामा दाङ उपत्यकाको तुलनामा देउखुरी उपत्यकामा यस वर्ष बढी धान रोपाइँ भएको छ । राप्ती नदीको पानीले राप्ती गाउँपालिकाका अधिकांश खेतमा अहिलेसम्म रोपाइँ सकिएको छ । यस्तै गढवाका केही भागमा मात्रै अहिलेसम्म रोपाइँ सकिएको सूचना अधिकारी लामिछानेले बताए ।

'राप्ती नदीको पानीले राप्ती र गढवा गाउँपालिकाका केही भागमा यस वर्ष अहिलेसम्म बढी रोपाइँ भएको छ,' उनले भने, 'दाङको बबई नदीको पानीले तुलसीपुरका केही वडामा मात्रै रोपाइँ सकिएको छ ।' दाङ उपत्यकामा वर्षा सुरु भएपछि मात्रै धानको ब्याड राख्न थालिएको उनले बताए । अहिले राखेको धानको बीउ साउनको पहिलो सातादेखि रोप्न सकिने उनले बताए ।

'धानको बीउ सामान्यतया २०/२२ दिनदेखि रोप्न सकिन्छ,' उनले भने, 'अहिलेको वर्षा कायम रहेमा साउनको दोस्रो सातासम्म रोपाइँ सकिन्छ ।' खडेरी भएमा रोपाइँ फेरि प्रभावित हुनसक्ने उनले बताए । यसवर्ष ढिला गरी रोपाइँ भए पनि अब लगातार वर्षा भएपछि धान उत्पादन नघट्ने उनले बताए ।

उनका अनुसार दाङमा ३९ हजार चार सय हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको छ । तीमध्ये १९ हजार हेक्टर क्षेत्रफल खेतमा मात्रै बाह्रै महिना सिँचाइ हुने गरेको छ । जिल्लामा आधाभन्दा बढी खेत आकाशे पानीको भरमा धान खेती हुने गरेको सूचना अधिकारी लामिछानेले बताए । जिल्लामा बिन्देश्वरी जातको धान राम्रो उत्पादन हुने गरेको छ । यो जातको धान कम पानीमा पनि उत्पादन गर्न सकिने उनले बताए । पछिल्लो समय जिल्लामा राधा-४, सुख्खा-१, २, ३, ५, हरिनाथ जातको धानखेती भइरहेको उनले बताए । हाइब्रेड युएस ३१२ पनि किसानले धेरैमात्रामा लगाउन थालेको उनको भनाइ छ ।

घोराही उपमहानगरपालिका-७ का किसान तिलक विष्टले यस वर्ष वर्षा ढिलागरी हुँदा समयमै खेत रोप्न नपाएको बताए । 'धान रोपाइँ यस वर्ष गत वर्षभन्दा ढिला भएको छ,' उनले भने, 'अहिले त भर्खर केहि दिनअघि मात्रै धानको ब्याड राखिएको छ ।' अहिले भर्खर राखेको बीउ साउनको पहिलो सातापछि मात्रै रोप्न सकिने उनी बताउँछन् । *रासस*

## पाल्पामा ३० प्रतिशतमात्रै रोपाइँ

**रामपुर-** पाल्पामा हालसम्म करिब ३० प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको छ । असारको मध्य भागसम्म आइपुग्दा जिल्लाका केही स्थानमामात्रै रोपाइँ सुरु भएको छ ।

विगतका वर्षको तुलनामा यस वर्ष मनसुन ढिला सुरु भएकाले असार १५ सम्म धान रोप्ने कार्य कम भएको कृषि ज्ञान केन्द्र पाल्पाका प्रमुख कामना अधिकारी बताउँछन् । 'समयमा नै वर्षा नहुँदा रोपाइँ कम क्षेत्रफलमा भएको छ, केही ठाउँमा रोपाइँ सुरु भए पनि आकाशे पानीकै भरमा अधिकांश जमिनमा रोपाइँ गरिने भएकाले पानी पर्याप्त परेपछि रोपाइँका चहलपहल बढ्छ,' उनले भने । पानीको पर्याप्त सुविधा भएका जमिन तथा खोला नजिकका खेतमा रोपाइँ सुरु भएको छ ।

जिल्लामा असारको पहिलो हप्ताबाट रोपाइँ अगाडि बढेको छ । बाँझो जमिन, खोला र नहरका पानी लाग्ने जमिनमा धान रोप्ने काम भएको छ । मकैखेती भएका जमिन, आकाशकै पानीमा निर्भर जमिनमा असारको तेस्रो हप्तापछि धान रोपाइँ सुरु हुनेछ । हालसम्म पाल्पामा माडीफाँट, दोभान, अर्गली, रम्भा, पूर्वखोला, बगनासकाली लगायतका क्षेत्रमा रोपाइँ सुरु भएको छ ।

पाल्पामा करिब आठ हजार ६२० हेक्टर क्षेत्रफलमा रोपाइँ गरिँदै आएको छ । जिल्लाको माडीफाँट, अर्गली, रामपुर, हुँगी, हेक्लाङ, पूर्वखोला, दोभानलगायतका क्षेत्र धान उत्पादका मुख्य पकेट क्षेत्र हुन् । पछिल्लो समय गाउँ-गाउँमा कृषि यान्त्रिकीकरणको विकासले पनि रोपाइँ छिटोछरितो हुने गरेको छ ।

सावित्री, हाइब्रिड, रामधान, सावाँ मन्सुली लगायतका धानका जात जिल्लामा बढी चलनचल्तीमा छन् । रैथाने जात भने यहाँ हिजोआज कमै लगाउने गरिन्छ । उत्पादन बढी लिने उद्देश्यले कृषक उन्नत प्रविधिका धानमा आकर्षित हुन थालेका छन् ।

धान नेपालको प्रमुख खाद्यान्नबाली हो । युवा जनशक्ति पलायन, सीमित व्यक्तिका हातमा धेरै जमिन, जग्गाको खण्डीकरण, खेतीयोग्य भूमि घडेरीमा परिणत गर्नु, आकाशे खेतीमा निर्भर, सिँचाइको व्यवस्था नहुनु, उन्नत जातका बीउबिजन तथा मलखाद एवं अनुदानको राम्रो व्यवस्था नहुँदा धानको उत्पादनमा असर परेको विज्ञहरूले बताएका छन् ।

शुक्रबार देशभर राष्ट्रिय धान दिवस मनाइएको छ । असार १५ गते 'मानो रोपेर मुरी उब्जाउने' महिना मानिने असारको मध्य दिन धान दिवससँगै रोपाइँ जात्राका रूपमा मनाउने गरिन्छ । धान उत्पादनमा आधुनिक प्रविधि किसानलाई सिकाउन, असार १५ लाई उत्सवका रूपमा मनाउन कृषि ज्ञान केन्द्र पाल्पाले मदनपोखरा बहुप्राविधिक शिक्षालय तानसेन र तानसेन नगरपालिकाको सहकार्यमा शुक्रबार २०औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव कार्यक्रम आयोजना गरेको हो ।

कृषि पेसामा कृषकलाई आकर्षित गर्न, धान उत्पादनमा वृद्धि ल्याउन असार १५ मा धान दिवस मनाइँदै आइएको छ । यस वर्ष 'जलवायु अनुकूलित कृषक मैत्री प्रविधि, धान उत्पादनमा वृद्धि' भन्ने नारासहित देशभर नै धान दिवस मनाइएको छ । नेपालले २०६२ सालदेखि असार १५ लाई धान दिवसका रूपमा मनाउँदै आएको छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ